- खानेपानीको आपूर्ति सहज वनाउन स्थानिय मूल, धारा पंधेरा संरक्षणमा जोड दिईएको छ । साथै आवश्यक स्थानहरुमा लिफ्ट खानेपानी योजना सञ्चालन गर्न संघ र प्रदेश सरकारसंग आवश्यक वजेट व्यवस्थापनका लागी पहल गरिएको छ।
- खानेपानि तथा सरसफाइका क्षेत्रमा SUSWA संगको साझेदारीमा खानेपानि तथा संस्थागत शौचालय निर्माणका आयोजनाहरु संचालन गरिएको छ ।
- समुदायमा पछाडी परेका वर्ग क्षेत्र जाति, लिङ्गहरुको राज्यको हरेक क्षेत्रमा पहुँच अभिवृद्धि गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति निर्माण गरि तदनुरुप कार्य सञ्चालन गरिएको छ । जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन आवश्यक तयारी गरिएको छ।
- दुर्गम क्षेत्रका बस्तिहरुलाई वडाको केन्द्र र नगरपालिका सम्म पहुचँ पुग्ने गरि सडक विस्तार कार्य र निर्मित सडको स्तरोन्ती कार्यालाई निरन्तरता दिईएको छ ।
- नगरपालिका क्षेत्रमा सिंचाई सुविधा विस्तार तथा मर्मत संभार गर्न तथा सवै खेती योग्य जमिनमा सिंचाई सुविधा विस्तारका लागि आवश्यक कार्य गरिएको छ।
- रास्ट्रका लागि खेलकुद ,स्वास्थ्यका लागि खेलकुद भन्ने नाराका साथ वडा कप , मेयर कप ,राष्टपति रनिङ खेलकुद प्रतियोगिता सन्चालन गरिएको छ र विभिन्न जिल्ला स्तरिय प्रतियोगितामा सहभागिता जनाईएको छ।
- बनगाड कुपिण्डे नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न गरी नयाँ भवनबाट सेवा प्रवाहको सुरुवात भएको छ। वडा नं ७ र ८ को वडा कार्यालय भवन निर्माण सम्पन्न भई सेवा प्रवाहको सुरुवात भएको छ र वडा नं २ ३ १० र ११ को वडा कार्यालय भवन निर्माणाधिक अवस्थामा रहेका छन्।
- नगरपालिकामा क्षेत्र भित्रका नाङ्गो डाँडा र पाखाहरु आवश्यकताका आधारमा वृक्षारोपण कार्यलाई निरन्तरता दिइएको छ र आवश्यक अनुसार रिचार्ज पोखरी,गह्रा सुधार र फिल्टरिङ ड्याम को निर्माण गरिएको छ।
- स्थानिय विपद् व्यवस्थापन तथा मौसम उत्थानशिल योजना निर्माणको क्रममा रहेको छ ।
- कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा एकाईको सेवा प्रवाहलाई प्रविधि मैत्रि बनाउन ई हाजिरी, ई सिफारिस को सुरुवात गरिएको छ।
- म.ले.प. को प्रतिवेदन औल्याइएको नियमित गर्नुपर्ने प्रकृतिका बेरुजुलाई नियमित गर्न आवश्यक कार्य गरिनेछ र असुल उपर गर्नुपर्ने प्रकृतिका बेरुजुलाई असुल उपर गरी बेरुजु न्यूनिकरण गर्न आवश्यक कार्य गरिएको छ ।
- नगरपालिकाको कार्यसम्पादनलाई पारदर्शि तथा उत्तरदायि बनाउन सार्वजनिक सुनुवाईको आयोजना गरिएको छ ।

